वालिङ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
वालिङ, स्याङ्जा

फोन नं.: ०६३-४४०१७७
गण्डकी प्रदेश, नेपाल

पत्र सं: ०७९/०८०
च नं:

वालिङ नगरपालिका नगर कार्यपालिकाको कार्यालय स्याङ्जा २०७३

## करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

मिति :२०७९।०४।०४

**प्रथम पटक प्रकाशित मिति : २०७९।०४।०४**

यस नगरपालिका कार्यालयको लागि तपशिलका कर्मचारी करार सेवामा पदपूर्ति गर्नु पर्ने भएकोले इच्छुक योग्यता पुगेका नेपाली नागरिकले सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र रीतपूर्वकको दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल :

| क्र.सं. | विज्ञापन नं. | पद | माग पद संख्या |
|---|---|---|---|
| १. | १/०७९।८० | रोजगार सहायक | १ |
| २ | २/०७९।८० | उद्यम विकास सहजकर्ता | १ |
| ३. | ३/०७९।८० | कार्यालय सहयोगी | १ (३ नं. वडा कार्यालयको लागि ) |

**आवश्यक न्यूनतम योग्यता:**

१. रोजगार सहायकको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी ३ महिने आधारभूत कम्प्युटर कोर्ष गरेको र उद्यम विकास सहजकर्ताको लागि उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तिर्ण वा सि.टि.ई.भि.टि. बाट सीप परीक्षण तह २ वा ३ उत्तीर्ण गरेको वा उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा उत्तीर्ण गरेको ।

- उमेर १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।
- परीक्षाको किसिमः रोजगार सहायक र उद्यम विकास सहजकर्ताको लागि प्रारम्भिक योग्यताक्रमको सूचि प्रकाशन र लिखित,अन्तर्वार्ता र प्रयोगात्मक परीक्षा । कार्यालय सहयोगीका लागि अन्तर्वार्ता मात्र ।
- परीक्षा दस्तुर : रोजगार सहायक र उद्यम विकास सहजकर्ता रु.५००। र का.स.को लागि रु.२००।–
- परीक्षाको मिति : दरखास्त दिने अन्तिम मिति पछि तोकिनेछ ।

**दरखास्त फाराम साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु ।**

- नेपाली नागरिकताको प्रमाण पत्र
- शैक्षिक योग्यताको प्रमाण पत्र ।
- अनुभवको प्रमाण पत्रका प्रमाणित प्रतिलिपिहरु (अनुभवीलाई विशेष ग्राह्यता दिईने छ) ।
- सेवा सुविधा : रोजगार सहायकको हकमा स्थानीय तहका प्राविधिक सहायक र रोजगार सहायक सम्बन्धी मापदण्ड २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ भने अन्यको हकमा नगरपालिकाको नियमानुसार हुनेछ ।
- पुनश्च : आवेदनको ढाँचा र रोजगार सहायक पदको कार्यविवरण, पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य जानकारी मन्त्रालयको वेवसाईट (www.pmep.gov.np) मा उपलब्ध हुनेछ भने उद्यम विकास सहजकर्ताको पाठ्यक्रम नगरपालिकाको वेभसाईटमा उपलब्ध हुने छ ।

दरखास्त फाराम नगरपालिका कार्यालयमा उपलब्ध हुने छ ।

२०७९।४।४

प्रमुख प्रशासकीय अधिकृत